# दशरथचन्द नगरपालिका
## बैतडी, सुदुर पश्चिम प्रदेश

---

# युनिसेफको सहयोगमा हुने खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमको कार्ययोजना, (जनवरी २०१८ देखि जुलाई २०२०)

---

(२०७५।०७६



# बिषयबस्तु तालिका


| | पेज नं. |
|---|---|
| १. नगरपालिकाको संक्षिप्त परिचय | ३ |
| २. खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको वर्तमान अवस्था: | ४ |
| क. खानेपानी पहुँच तथा गुणस्तर अवस्था | ४ |
| ख. सरसफाइ तथा स्वच्छता अवस्था | ५ |
| ग. विद्यालय खानेपानी तथा सरसफाइ अवस्था | ७ |
| घ. स्वास्थ्य संस्थाहरुको खानेपानी तथा सरसफाइ अवस्था | ७ |
| ३. खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संस्थाहरु | ८ |
| ४. खानेपानी, सरसफाइ तथा स्वच्छता अवस्था सुधारमा गरिएका राम्रा तथा अनुकरणिय प्रयासहरु तथा विद्यामान समस्याहरु | ८ |
| ५. खानेपानी तथा सरसफाई कार्यन्वयन योजनाको आवश्यकता तथा औचित्य | ९ |
| ६. कार्यक्रमको लक्ष तथा उद्देश्यहरु | ९ |
| ७. उपलब्धि तथा प्रस्तावित क्रियाकलापहरु | १० |
| ८. कार्यक्रम व्यवस्थापन | ११ |
| क. संस्थागत व्यवस्था | |
| ख. बजेट प्रवाह | |
| ग. कार्यक्रम व्यवस्थापन तथा अनुगमन संयन्त्र | |
| घ. दिगोपना | |
| ङ. मूल्यांकन | |
| ९. कार्यक्रम बजेट विवरण | ११ |
| १०. खानेपानि, सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रस्तावित क्रियाकलापहरु | १२ |


नगर कार्यपालिकाको कार्यालय, गढी, खलंगा, बैतडी, सुदूरपश्चिम प्रदेश, नेपाल



CamScanner

# दशरथचन्द नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
### बैतडी

मिति: .........

**मन्तब्य**

यस नगरपालिकाको बिभिन्न विकास कार्यक्रमहरु मध्ये खानेपानी तथा सरसफाई एक प्रमुख क्षेत्र हो । खानेपानी तथा सरसफाई मानव जिवनसंग प्रत्यक्ष सरोकारीत क्षेत्र पनि हो । पानी बिना कुनै पनि जीवको परिकल्पना गर्न सकिदैन । त्यस्तै कमजोर खानेपानी तथा सरसफाईका कारण बिभिन्न किसिमका रोगहरु लाग्ने, जसका कारणले ठुलो धनरासी खर्चिनु पर्ने र समयमा उपचार हुन नसक्दा मृत्य पनि हुन सक्ने हुन्छ । यसै तथ्यलाई आत्मसाथ गरि नेपालले खानेपानी तथा सरसफाईका क्षेत्रमा उल्लेखनिय उपलब्धी हासिल गरेको छ । नेपालमा संचालित सरसफाई प्रवर्द्धनको सामाजिक अभियान मार्फत बैतडी जिल्लाले सरसफाई क्षेत्रको प्रगति हासिल गरि **२०७३ असार २८** गते जिल्लालाई नै खुला दिसामुक्त क्षेत्र घोषणा गर्न सफल भएको हो ।

तथापी, खुला दिसा मुक्त क्षेत्रको दिगोपना, सरसफाइ क्षेत्रको उचिच व्यवस्थापन, ठोस तथा तरल फोहरको व्यवथापन, जोखिमपुर्ण समयमा साबुन पानीले हातधुने आनीबानी, संस्थागत (विद्यालय र स्वास्थ्य संस्था)को खानेपानी तथा सरसफाइ सुविधाको उचित व्यवस्थापन र सुरक्षित खानेपानीमा समुचित पहुँच आदी यस जिल्ला र गाउँपालिकाका पनि मुख्य चुनौतीका रुपमा रहेका छन् ।

अर्को तर्फ, दिगो विकास लक्षको मर्म अनुसार यस जिल्लाले र नगरपालिकाले सबै जनतालाई सुरक्षित खानेपानी तथा सरसफाइमा न्यायोचित पहुँच र उचित ब्यवस्थापनमा जोड दिनु पर्ने छ । यि राष्ट्रिय तथा अन्तराष्ट्रिय लक्ष तथा प्रतिवद्धताहरुलाई आत्मसाथ गर्दै दशरथचन्द नगरपालिकाले खानेपानी तथा सरसफाइ क्षेत्रको नीति, ऐन र नियमहरु बनाउने कार्यको थालनी गरेको छ । खानेपानी तथा सरसफाई क्षेत्रको विकासका लागि बजेट विनियोजन गरेको छ भने यूनीसेफ लगायत अन्य विकास साझेदार निकायहरुसंग सहकार्य गरि खानेपानी तथा सरसफाई क्षेत्रको विभिन्न कार्यक्रमहरु संचालनमा रहेका छन् । यसै क्रमलाई निरन्तरता दिई आगामी आर्थिक वर्षहरुमा पनि अझै यस क्षेत्रलाई उच्च प्रथामिकता दिई बजेट बिनियोजन गरि कार्यान्वयन प्रकृयामा प्रभावकारीता ल्याउने प्रतिवद्धता पनि व्यक्त गर्दछु ।

अन्तमा, यस नगरपालिकामा खानेपानी तथा सरसफाइ योजना संचालन गर्न र योजना निर्माणमा सहयोग गर्ने यूनीसेफ नेपाल, गैरसरकारी संस्थाहरु, यस पालिका अर्न्तगतका सबै शाखाहरु प्रति आभार ब्यक्त गर्दै यो कार्य योजना कार्यान्वयन गर्नमा पनि निरन्तर सहयोग हुनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद ।

........................

( नरेन्द्र सिंह थापा)

नगर प्रमुख

नरेन्द्र सिंह थापा
नगर प्रमुख



CamScanner

# युनिसेफको सहयोगमा हुने खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमको कार्ययोजना, (जनवरी २०१८ देखि जुलाई २०२०)

## दशरथचन्द नगरपालिका, २०७५

### १. नगरपालिकाको संक्षिप्त परिचय

दशरथचन्द नगरपालिका भारतसंग सीमा जोडिएको स्थानीय तह हो। झुलाघाट नाका यसै नगरपालिका अन्तर्गत पर्दछ। यो नगरपालिकाको पूर्वमा पाटन नगरपालिका र सुर्नया गाउपलिका, पश्चिममा महाकाली नदि र मित्र राष्ट्र भारत, उत्तरमा दार्चुला जिल्ला र दोगाडाकेदार गाउँपालिका, दक्षिणमा मेलौली नगरपालिका र पंचेश्वर गाउपलिका रहेको छ। २०६८ को जनगणना अनुसार यस नगरपालिकाको कुल जनसंख्या ३३९४५ र जम्मा घरधुरी ६१७४ रहेको छ। १३५.१५ वर्ग किमी मा फैलिएको यस नगरपालिका समुद्र सतह देखि न्यूनतम ५०० मिटर र अधिकतम ३१०० मिटर उचाइमा रहेको छ। दशरथचन्द नगरपालिकाको हावापानी समसितोष्ण रहेको छ।

यस दशरथचन्द नगरपालिकालाई ११ वटा वडामा बिभाजन गरिएको छ, अमर शहिद दशरथचन्दको नामबाट नामाकरण गरिएको यो नगरपालिका प्राकृतिक रुपले रमणीय रहेको छ। माता त्रिपुरासुन्दरी, जगन्नाथ, निंगलाशैनी लगायतका मन्दिरहरु धार्मिक पर्यटकीय स्थलको रुपमा परिचित रहेका छन्। भारतसंग सीमाना जोडिएको यो नगरपालिकाका विभिन्न क्षेत्रहरुलाई पर्यटकीय हिसाबले महत्वपूर्ण मानिन्छ।

नेपाल सरकारले स्थानीय निकाय पुनसंरचना गरेर गुरुखोला, देहिमाडौं, दुर्गाभवानी, गवालेक, नागार्जुन गा.वि.स. र दुर्गास्थानको केहि वडाहरु मिलाएर मिति २०७३ फाल्गुन २७ गते स्थानीय तहमा परिणत गरि ११ वडामा बिभाजन गरि दशरथचन्द नगरपालिका घोषणा गरेको छ।

तालिका नं १: दशरथचन्द नगरपालिकाको जनसांखिक स्थिति

| क्र.सं. | साविकका नपा तथा गाविसका वडाहरु | हालका वडाहरु | कुल घरधुरी | कुल जनसंख्या |
|---|---|---|---|---|
| १ | गुरुखोला १ देखी ९ | १ | ७५० | ४४६२ |
| २ | देहिमाडौं १ देखी ९ | २ | ७४९ | ४३६२ |
| ३ | दुर्गाभवानी १ देखी ९ | ३ | ४८० | २३५० |
| ४ | दशरथचन्द १,२ र ३ | ४ | १०१४ | ५६१८ |
| ५ | दशरथचन्द ४ र ५ | ५ | ४८६ | २५७९ |
| ६ | दशरथचन्द ६,७ र १२ | ६ | ५३८ | ३०७० |
| ७ | दुर्गास्थान ४, ५, ६ र ७ | ७ | २८६ | १७३९ |
| ८ | दशरथचन्द ८ र ९ | ८ | ४८४ | २०१६ |
| ९ | ग्वालेक १।९ | ९ | ६०७ | ३८२२ |
| १० | दशरथचन्द १० र ११ | १० | ३९१ | १९३६ |
| ११ | नागार्जुन १ देखी ९ | ११ | ३८९ | १९६१ |
| | जम्मा | | ६१७४ | ३३९४५ |



CamScanner

गुणस्तरयुक्त खानेपानीको आपुर्तीका लागि योगदान पुऱ्याउने काम गर्दछ। तसर्थ नगरपालिकाले आगामी दिनहरुमा पानी सुरक्षा योजना लागु गरी नगरबासीलाई गुणस्तरयुक्त खानेपानीको आपुर्ती गर्न आवश्यक छ।

### संचालन तथा मर्मत सम्भार

खानेपानी उपभोक्ता समितिहरु आयोजना संचालनको शुरुवाती अवस्थामा समितिहरु सक्रिय हुने र केहि समय पश्चात् समितिहरु निष्कृय हुने अवस्थाले आयोजनाको संचालन तथा मर्मत सम्भारका लागि कुनै पहल नभएको देखिन्छ। तसर्थ खानेपानी आयोजना निर्माणको चरणमा मर्मत सम्भार कोषको अनिवार्य स्थापना गर्न सकेको खण्डमा यसको दिगोपना कायम रहन्छ। यस दशरथचन्द नगरपालिकामा निर्माण सम्पन्न र निर्माणाधिन सम्पूर्ण आयोजनाहरुमा संचालन तथा मर्मत सम्भारका लागि खासै पहल भएको देखिदैन।




## २.२. घरायसी/समुदाय स्तरको सरसफाइ तथा स्वच्छताको अवस्था

### क. घरायसी/समुदाय स्तरको सरसफाइ तथा स्वच्छताको अवस्था

सरसफाइको क्षेत्रमा दशरथचन्द नगरपालिकाले उल्लेखनीय उपलब्धि हासिल गरेको छ। आ.ब.२०७१।०७२ मा गरीएको सर्वेक्षण अनुसार १० प्रतिशत घरधुरीहरुमा मात्र चर्पीको पहुँच रहेकोमा आ.ब. २०७२ साल आषाढमा शतप्रतिशत घरधुरीमा चर्पी निर्माण भइ दशरथचन्द नगरपालिकाका सम्पूर्ण वडाहरु खुला दिसामुक्त क्षेत्रका रुपमा घोषणा भएका थिए। यस दशरथचन्द नगरपालिकाको वडागत सरसफाइ विवरण तपसिल बमोजिम रहेको छ।

तालिका नं ३: नगरपालिकाको घरायसी सरसफाइ तथा स्वच्छताको अवस्था

| मुख्य क्षेत्र | सूचकहरु | वर्तमान (प्रतिशत) | कैफियत |
|---|---|---|---|
| १. घरायसी चर्पीको विवरण | चर्पीमा पहँच भएका घरधुरी | ९७% | |
| | चर्पीमा पहुँच नभएका घरधुरी | ३% | |
| | साझेदारीमा चर्पी प्रयोग गर्ने | ६% | |
| | पक्की/सुधारीएको भएका घरधुरी | ८५% | |
| | चर्पीको प्रयोग छ वा छैन | ९४% | |
| | चर्पीको नियमित प्रयोग तथा सफा रहेका | ८७% | |
| | महिनावारी भएको बेला चर्पी प्रयोग गर्न दिन घरधुरी | ६६% | |
| | सरसफाइ सामग्री (छ /छैन) | ८२% | |
| | चर्पीमा पानीको उपलब्धता (छ /छैन) | ८६% | |
| २. साबुन पानीले हात धुने सुविधा तथा ब्यक्तिगत स्वच्छता | घरमा हातधुने निश्चित स्थान भएका घरधुरी | ३८% | |
| | हातधुने स्थानमा साबुन र पानीको उपलब्धता | ३४% | |
| | जोखिमपुर्ण समयमा साबुन पानीले हातधुने (घरका सबै सदस्यहरु) | ३५% | |
| | घरआँगन वरी परी सफा भएका घरधुरी | ६७% | |



CamScanner

| | | | |
|---|---|---|---|
| ३. घर आँगनको सरसफाई | नियमित रुपमा सुधारिएको चुल्होको वा ग्यास प्रयोग प्रयोग गर्ने | ३३% | |
| | घरायसी रुपमा ठोस फोहरको बर्गिकरण तथा व्यवस्थापन गर्ने घरधुरी | ३९% | |
| | घरायसी तरल फोहरको सुरक्षित संकलन तथा व्यवस्थापन गर्ने | ४०% | |
| | पशु वस्तुका लागि छुट्टै टहरा, गोठ भएका घर | १७% | |
| | पशु वस्तुको मल मुत्र तथा भकारोको व्यवस्थापन गर्ने घरधुरी | २६% | |
| ४.सुरक्षित पानी सम्बन्धमा | सुरक्षित मुहान, श्रोतको पानी खाने गरेको | ६९% | |
| | पानी पिउने, खनाउने र राख्ने भाँडा सफा र छोपेर राख्ने गरेको | ७४% | |
| | खानेपानीको घरायसी रुपमा सधै शुद्धिकरण गर्ने गरेको | ६% | |
| ५. सुरक्षित खान सम्बन्धमा | पकाउने भाँडा तथा भान्सा सफा रहेका | ८२% | |
| | खानेकुराहरु सुरक्षित तवरले राम्ररी पकाउने, छोपेर राख्ने | ८२% | |
| | भाडाकुँडा माझ्ने र राख्ने सुरक्षित स्थानको व्यवस्था | ३९% | |
| | बासी खान खाने चलन नरहेको | ५६% | |

## २.५. विद्यालयको खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था

जिल्ला शिक्षा कार्यालय बैतडीको २०७२ को तथ्यांक अनुसार यस न.पा.मा रहेका ६५ वटा सामुदायिक विद्यालयहरु मध्ये सबै विद्यालयहरुमा शौचालयको सुविधा छ र खानेपानकिो समुचित व्यवस्थापन नभएका कारण केही विद्यालयका शौचालयहरुको अवस्था नाजुक देखिन्छ। त्यस्तै विद्यालयमा शौचालय उचित प्रयोग तथा व्यवस्थापनलाई हेर्दा अधिकांश विद्यालयहरुको भौतिक तथा व्यवस्थापन अवस्था सुधार गर्नु पर्ने दखिन्छ।

तालिका नं ४ : विद्यालयहरुको विवरण

| क.स. | विवरण | विद्यालय संख्या | विद्यार्थीहरुको संख्या | | |
|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा |
| १ | मा.वि. | १७ | ३८३३ | ४१५२ | ७९८५ |
| २ | आ.वि | ४८ | १०३६८ | ११२३२ | २१६०० |
| | जम्मा | ६५ | १४२०१ | ४५३८४ | २९५८५ |

*श्रोत: फल्यास रिर्पोट २०७२/७३ आ. व. जि.शि.का. बैतडी*

तालिका नं ५ : विद्यालयको खानेपानी तथा सरसफाइ अवस्था

| मुख्य क्षेत्र | सूचकहरु | वर्तमान अवस्था ( प्रतिशत) | कैफियत |
|---|---|---|---|
| १. विद्यालयमा सरसफाइ तथा स्वच्छता अवस्था | शौचालय भएका विद्यालय | १०० | |
| | शौचालयहरुको व्यवस्थित रुपमा प्रयोग भएका विद्यालय | ३९ | |
| | छात्रा शौचालयको सुविधा भएका विद्यालय -प्यान) | ६९ | |

| | | | |
|---|---|---|---|
| | फरक क्षमता भएका विधार्थीका लागि शौचालयको सुविधा | ५ | |
| | छात्रा शौचालयमा स्यानीटरी प्याड फाल्ने मिल्ने व्यवस्था | १२ | |
| | शौचालयमा पानीको उपलब्धता भएका विद्यालय | ४१ | |
| | समुह हात धुने सुविधा भएका | १८ | |
| २. विद्यालयमा खानेपानीको अवस्था | खानेपानीको सुविधा भएका विद्यालय | ४५ | |
| | खानेपानीको भण्डारण सुविधा भएका विद्यालय | ६८ | |
| | खानेपानीको शुद्धिकरण गरी प्रयोग गर्ने विद्यालय | ४९ | |
| ३. विद्यालयहरुको ठोस तथा तरल फोहर व्यवस्थापन तथा वातावरणिय सरसफाई | कक्षा कोठाको नियमित सरसफाई गर्ने गरेका | ६९ | |
| | ठोस तथा तरल फोहरको उचित संकलन तथा व्यवस्थापन भएका | ५१ | |
| | विद्यालयको हाता सफा रहेको | ८२ | |
| ४. विद्यालयहरुको खानेपानी तथा सरसफाई सुविधा व्यवस्थापन संयन्त्र | बाल क्लब गठन भएका विद्यालय | ६२ | |
| | सरसफाइ तथा स्वच्छता फोकल व्यक्ति भएका | ३९ | |
| | सरसफाई तथा स्वच्छता सम्बन्धी कार्ययोजना निर्माण | ६० | |
| | सरसफाई सुधार योजना क्ष्ए मा समावेस | ६० | |
| | खानेपानी तथा सरसफाई मर्मत संभार कोष स्थापना | १५ | |
| | सरसफाइ सम्बन्धि आचार संहिता बनाई लागु गरेका | १५ | |
| | महिनावारी सरसफाई बारेमा छात्राहरुलाई जानकारी | ६७ | |
| | सरसफाई तथा साबुनपानीले हात धुने बारे विधार्थीलाई जानकारी | ६९ | |

## २.६. स्वास्थ्य संस्थाको खानेपानी,सरसफाइ तथा स्वच्छताको अवस्था

यस नगरपालिकामा तालिकामा जम्मा २२ स्वास्थ्य संस्था रहेका छन । उक्त संस्थाहरुमा सुधारिएको सरसफाइ तथा स्वाच्छता सुविधा र सुरक्षित खानेपानीको व्यवस्था अपरिहार्य रहेको छ ।

तालिका नं ६: स्वास्थ्य संस्थाको खानेपानी,सरसफाइ अवस्था

| मुख्य क्षेत्र | सूचकहरु | वर्तमान अवस्था ( प्रतिशत) | कैफियत |
|---|---|---|---|
| १.स्वास्थ्य संस्थामा चर्पी संख्या तथा सरसफाइ अवस्था | संस्थामा शौचालय भएका | १०० | |
| | महिला हरुका लागि छुट्टै शौचालय भएको | १९ | |
| | पानी जडान भई नियमित पानि उपलब्धता रहेका शौचालय (प्यान) | ४१ | |
| | नियमित प्रयोगमा रहेका शौचालय (प्यान) | १०० | |
| | सफा तथा व्यवस्थीत रहेका शौचालय (प्यान) | ६४ | |
| २. प्रस्युति कक्षमा छुट्टै शौचालय तथा सरसफाइ अवस्था | स्वास्थ्य संस्थामा प्रस्युति सेवा तथा सुविधा भएको | ८२ | |
| | प्रस्युति कक्षमा एटेच्ड शौचालय सुविधा भएको | ६ | |
| | प्रस्युति कक्षको शौचालयमा पानी जडान तथा निमित उपलब्धता भएको | ६ | |



CamScanner

| | | | |
|---|---|---|---|
| | प्रस्तुति कक्षको साबुन पानीले हात धुने सुविधा भएको | ६ | |
| ३. साबुन पानीले हात धुने सुविधाको व्यवस्था | शौचालय नजिक वा परिसरमा हातधुने निश्चित स्थानमा पक्की संरचना भएका | १३ | |
| | हातधुने स्थानमा साबुन पानीको व्यवस्था भएका (अस्थायि) | १०० | |
| ४. संस्थामा खानेपानीको अवस्था | संस्था हाता भित्र खानेपानीको व्यवस्था भएका | ४१ | |
| | खानेपानीको भण्डारण व्यवस्था भएका | १८ | |
| | खानेपानीको शुद्धिकरणको सुविधा भएका | ३१ | |
| ५. स्वास्थ्य संस्था जन्य फोहर व्यवस्थापन ( वातावरणिय सरसफाई) | वार्डहरुमा फोहरको प्रकृति अनुसार सेग्रिगेसन गर्ने गरिएको | १०० | |
| | संकलित फोहरको निर्मलीकरण गरि विर्सजन गरिएको | ० | |
| | संकलित फोहको विशर्जन गर्ने विधि (जलाउने) | १०० | |
| | फोहर जलाउन वा व्यवस्थापनका लागि सुरीक्षत पिट तथा इन्सीनेटरको व्यवस्था रहेको छ। | ४१ | |
| | प्लासान्टा पिटको व्यवस्था भएको छ | ५८ | |
| ६. व्यवस्थापन तथा संस्थागत विवरण | फोकल शाखा तथा कर्मचारी तोकिएको | १८ | |
| | खानेपानी तथा सरसफाई सुधार कार्य योजना रहेको | ० | |
| | सरसफाई कार्यक्रम तथा अभियान संचालन | १०० | |

*श्रोत: वास सर्भेक्षण,२०७५*

## ३. नगरपालिकामा खानेपानी तथा सरसफाइ क्षेत्रमा सम्वद्ध निकायहरु :

यस नगरपालिकामा तपसिलका सरकारी तथा गैर सरकारी निकायहरुले खानेपानी तथा सरसफाइका क्षेत्रका सहयोग गर्दै आएका छन्।

| सरकारी कार्यालयहरु | गैरसरकारी कार्यालयहरु |
|---|---|
| • नगरपालिका, वडा कार्यालयहरु,<br>• शिक्षा र स्वास्थ्य शाखाहरु,<br>• खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय,<br>• विद्यालयहरु<br>• स्वास्थ्य संस्थाहरु | • यूनीसेफ, यूएमएन,<br>• सहकारी संस्था, खानेपानी उपभोक्ता समुह, सामुदायिक वन समुह आदि<br>• क्लवहरु, महिला तथा आमा समुहहरु |

## ४. खानेपानी, सरसफाइ तथा स्वच्छता अवस्था सुधारमा गरिएका राम्रा तथा अनुकरणिय प्रयासहरु तथा विद्यमान अवरोधहरु

यस पालिकामा मिति २०७५ असोज १३ गते नगरपालिका स्तरीय खानेपानि तथा सरसफाई क्षेत्रको समिक्षा तथा योजना तर्जुमा गोष्ठीमा भएको छलफलको आधारमा निम्न लिखित सवल पक्ष तथा अवरोधहरु विश्लेषण गरिएको छ।

| क्षेत्रहरु | राम्रा तथा अनुकरणिय प्रयासहरु | विद्यमान समस्या/अवरोधहरु |
|---|---|---|
| नीति तथा रणनीति | • खानेपानी तथा सरसफाई सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा भएको।<br>• जिल्ला तथा नगरपालिका खुला दिसा मुक्त क्षेत्र घोषणा भई पुर्ण सरसफाई अभियान संचालन भै रहेको। | • खुला दिसा मुक्त क्षेत्र घोषणा भए पनि पुर्ण सरसफाई रणनितीक योजना निर्माण नभएको।<br>• पूर्ण सरसफाई प्रर्वद्धनका लागि स्पष्ट नीति तथा कार्यक्रम तर्जुमा नभएको। |



CamScanner

| | | |
|---|---|---|
| | • नगरपालिका को WASH plan तयार भएको । | |
| संस्थागत व्यवस्था | • नगर तथा वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन भएको छ ।<br>• खानेपानी तथा सरसफाई कार्यक्रम संयोजनका लागि फोकल व्यक्ति तोकिएको । | • नगर तथा वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन भए पनि सकृय नरहेका ।<br>• खानेपानी तथा सरसफाई कार्यक्रम संयोजनका लागि कर्मचारी तथा शाखाको व्यवस्था नभएको । |
| बित्तिय | • खानेपानी तथा सरसफाई कार्यक्रम संचालनका लागि पालिका बाट बजेट बिनियोजन भएको ।<br>• खानेपानि तथा सरसफाई कार्यक्रम संचालनका लागि यूनीसेफ र अन्य निकायहरुबाट सहयोग रहेको । | • खानेपानी योजनाको निर्माण तथा मर्मत संभारको असिमित माग रहेको तर सम्बोधन हुन नसकेको ।<br>• खानेपानीको गुणस्तर सुधार तथा सुरक्षा योजना निर्माणको लागि कुनै पनि बजेट बिनियोजन नभएको । |
| योजना तथा अनुगमन | • सहभागितात्मक योजना निर्माण कार्यविधि तर्जुमा भएको र सोही अनुसार पालिकोको बार्षिक योजना तर्जुमा गर्ने गरिएको ।<br>• संचालित कार्यक्रमको नियमित अनुगमनका लागि अनुगमन समिति तथा कार्यबिधि तर्जुमा गरिएको र नियमित अनुगमन गर्ने गरिएको । | • खानेपानी पुहँच नभएका बस्तीहरुमा खानेपानि योजना निर्माण तथा योजनाको मर्मत संभारमा प्रभावकारीता नदेखिएको ।<br>• विद्यालयहरुको शौचालय तथा खानेपानीको प्राविधिक र व्यवस्थान पक्षमा धेरै कमजोरी देखिएको । |
| क्षमता अभिबृद्धि | • पूर्ण सरसफाई सम्बन्धी क्षमता विकास गरि अभियान संचालन गरिएको ।<br>• विद्यालय वास प्रर्वद्धन सम्बन्धी क्षमता विकास गरि कार्यक्रमहरु संचालन गरिएको । | • खानेपानी तथा सरसफाई क्षेत्रको कार्यक्रम संयोजनका लागि जनशक्तिको अभाव रहेको ।<br>• खानेपानी सुरक्षा योजना, खानेपानी योजनाको प्राबिधिक क्षेत्र, पूर्ण सरसफाइ र विद्यालय वासको क्षेत्रमा क्षमता विकास गर्नु पर्ने ।<br>• पूर्ण सरसफाइको सामाजिक अभियान मार्फत खानेपानी तथा सरसफाइ क्षेत्रको थप सुधार गर्नु पर्ने देखिन्छ । |

**५. खानेपानी तथा सरसफाई कार्यन्वयन योजनाको आवश्यकता तथा औचित्य**

बैतडी जिल्ला खुला दिसा मुक्त घोषणा भए पश्चात पनि खानेपानी तथा सरसफाइको क्षेत्रमा खानेपानी, बानी ब्यवहार र ब्यवस्थापन सम्बन्धी विभिन्न किसिमका समस्याहरु देखीएकाले यस खुला दिसा मुक्त अभियानको दिगोपना कायम गर्न तथा खानेपानी तथा सरसफाइका क्षेत्रमा देखिएका समस्याहरुको संवोधन गरि दिगो विकास लक्षको मर्म अनुसार सुधारीएको सरसफाई र सुरक्षित खानेपानी सेवाको सुनिश्चितता गर्न आवश्यक देखिएको छ । त्यस्तै निर्माण भएका खानेपानी आयोजनाहरुको दिगो संचालन तथा ब्यवस्थापन पनि उत्तिकै चूनौतीपूर्ण देखिएको छ । तसर्थ खानेपानी तथा सरसफाइका क्षेत्रमा देखिएका समस्याहरुको योजनावद्ध रुपले संबोधन गरि खानेपानी तथा सरसफाइ क्षेत्रको लक्ष्य प्राप्तीका लागि यो दूई बर्षे कार्ययोजना तर्जुमा गरिएको छ ।

**६. कार्यक्रमको लक्ष तथा उद्देश्यहरु**

**क.लक्ष :** लक्षित क्षेत्रका जनताहरुको सुधारीयको सरसफाई र सुरक्षित खानेपानी सेवाको सुनिश्चितता गरि मानव स्वास्थ्य, पोषण तथा जीवनस्तरमा सुधार भएको हुने छ ।

**ख. उद्देश्यहरु :**

- खानेपानी तथा सरसफाइ क्षेत्रको प्रभावकारी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनका लागि गाँउपालिकाको संस्थागत तथा क्षमता विकास भएको हुनेछ ।
- निर्माण भएका खानेपानी आयोजनाहरुको सुचारुपनामा सुधाई आई दिगो संचालनमा आएको हुने छन ।



CamScanner

- खानेपानी सुरक्षा योजना लागु भई पानीको गुणस्तर सुधार भएको हुने छ।
- स्थानीय संयन्त्रहरुको परिचालन गरि पुर्ण सरसफाईका सूचकहरु हासिल भएका हुने छन।
- विद्यालय तथा स्वास्थ्य संस्थाहरुको खानेपानी तथा सरसफाइ अवस्थाको स्तरोन्ती भई दिगो व्यवस्थापन भएका हुनेछ।

**ग. कार्यक्षेत्र**

यस गाँउपालिकाका सबै वडाहरुमा प्राथमिकता र आवश्यकताका आधारमा खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धनका कार्यक्रम तथा क्रियाकलापहरु संचालन गरिने छ।

**७. उपलब्धि तथा क्रियाकलापहरु**

यस कार्ययोजनाले निर्देशित गरेका लक्ष्य हासिलका लागि सन् २०१८ देखि २०२० सम्म तपसिल बमोजिमका क्रियाकलापहरु संचालन गरिने छ ।

| सि.नं. | अपेक्षित उपलब्धिहरु |
|---|---|
| १. | **गाँउपालिकाको खानेपानी आयोजनाहरुको सूचारुपना सुधार, उचित व्यवस्थापन भई, खानेपानी सुरक्षा योजना लागु भै खानेपानीको गुणस्तर सुधार भएको हुनेछ।**<br>• गाँउपालिकाको खानेपानि तथा सरसफाई क्षेत्रको तथ्याङ्क अद्यावधिक गरि प्राफाईल तयार गर्ने र निर्माण भएका खानेपानी आयोजनाहरुको इन्भेन्टरी तयार गर्ने।<br>• कम्तीमा ३० वटा खानेपानि योजनामा खानेपानी सुरक्षा योजना निर्माण भई कार्यान्वयन भएको हुनेछ।<br>• कम्तीमा ३० वटा खानेपानी आयोजनाहरुको मर्मत संभार गरि सुचारुपना सुधार भएको हुनेछ<br>• कम्तीमा २ वटा वस्तीमा नयाँ खानेपानी आयोजनाको निर्माण गरिने छ। |
| २. | **गाँउपालिकाका सबै वडाहरुमा समन्वय समिति गठन भै पूर्ण सरसफाईका अभियान मार्फत सरसफाई तथा स्वच्छता अवस्था सुधार भएको हुनेछ।**<br>• कम्तीमा १०० जना पूर्ण सरसफाई सम्बन्धी तालिम प्राप्त गरेका हुनेछन।<br>• कम्तीमा २ वटा वडा, ६ वटा वस्ती तथा ५०० घरधुरी पूर्ण सरसफाईका सूचक पुरा गरेका हुनेछन। |
| ३. | **गाँउपालिकाका सबै विद्यालय तथा स्वास्थ्य संस्थाहरुको खानेपानी तथा सरसफाइ अवस्थाको सुधार भई उचित व्यवस्थापन भएको हुनेछ।**<br>• २५ विद्यालय र २ वटा स्वास्थ्य संस्था खानेपानी तथा सरसफाई बारे तालिम प्राप्त गरेका हुनेछन।<br>• कम्तीमा १० वटा विद्यालयले २ तारे र ३ वटा विद्यालयले ३ तारे सूचक पूरा गरि प्रमाणिकरण भएका हुनेछन्।<br>• कम्तीमा ५ वटा स्वास्थ्य संस्थामा मापदण्ड अनुसारको खानेपानी तथा सरसफाई सुबिधा पुगेको हुनेछ।<br>• १ वटा वजार क्षेत्रको फोहर व्यवस्थापन भई सार्बजनिक शौचालय निर्माण भई व्यवस्थापन हुनेछन्। |
| ४. | **स्थानीय सरकारको खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी नीतिगत व्यवस्था भई कार्यान्वयन भएको हुनेछ।**<br>• खनेपानी, सरसफाई तथा स्वाच्छता सम्बन्धी स्थानीय तहको नीति, ऐन तथा नियम तर्जुमा भएको हुनेछ।<br>• पालिका तथा ११ वटा वडा स्तरीय समन्वय समितिहरुको गठन तथा क्षमता विकास भएको हुने छ।<br>• गाँउपालिकाको खानेपानी तथा सरसफाइ सम्बन्धी रणनितीक योजना तर्जुमा भई कार्यान्वयन भएको हुनेछ।<br>• पालिका तथा ११ वटा वडाको कार्ययोजना तर्जुमा तथा कार्यान्वयन भएको हुनेछ।<br>• विपद्मा खानेपानी, सरसफाई तथा स्वच्छता सेवाका लागि कार्ययोजना निर्माण गरि कोष स्थापन, सामाग्रीको व्यवस्थापन गरिनेछ। |

माथी उल्लेखीत उपलब्धी हासिल गर्न बुदा नं. ७ अनुसारका क्रियाकलापहरु संचालन गरिने छन्।



CamScanner

## ८. कार्यक्रम व्यवस्थापन

### क. संस्थागत व्यवस्था

यस पालिकाका खानेपानी तथा सरसफाइ क्षेत्रको कार्यक्रमको व्यवस्थित रुपले संचालन गर्न राष्ट्रिय सरसफाइ गुरुयोजनाको प्रावधान अनुसार नगरस्तरीय र खानेपानी, सरसफाइ तथा स्वच्छता समिति गठन गरिने छ र त्यसको मातहतमा वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समिति गठन गरिने छ भने वडाको मातहतमा रहने गरि विद्यालय स्तरमा खानेपानी, सरसफाइ तथा स्वच्छता समिति गठन, समुदाय स्तरमा टोल विकास संस्था र खानोपानी आयोजनाहरुमा उपभोक्ता समिति गठन गरि परिचालन गरिने छ ।

### ख. बजेट प्रवाह

नेपाल सरकारको संघिय बजेट व्यवस्थापन नीति अनुरुप गाँउपालिका, यूनीसेफ लगायत अन्य निकायहरुबाट बजेट प्रवाह गरिने छ ।

### ग. कार्यक्रम व्यवस्थापन तथा अनुगमन संयन्त्र

यस गाँउपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमको संयोजन तथा नियमानुसार प्रयाग तरुपमा संचालनका लागि नगरपालिकाको सामाजिक विकास शाखाले संयोजन गर्ने छ । उक्त शाखामा यो कार्यक्रम व्यवस्थापनका लागि एक जना सर्म्पक व्यक्ति तोकिने छ । आवश्यकता अनुसार शाखाले खानेपानी तथा सरसफाइ इकाइ गठन गर्ने छ । उक्त शाखा तथा सम्पर्क व्यक्तिले खानेपानीका भौतिक परुर्वाधारका कार्यक्रम संचालन गर्न प्राविधिक शाखा संग संयोजन गर्ने छ । कार्यक्रमको अनुगमनका लागि अलग्गे अनुगमन योजना तयार गरि कार्यान्वयनमा ल्याईने छ । सोहि अनुसार प्रतिवेदन तगार गरि सम्वन्धीत निकायहरुमा पठाउने र अभिलेखिकरण गरिने छ ।

### घ. दिगोपना

खानेपानी तथा सरसफाई क्षेत्रको कार्यक्रमको दिगोपना कायम गर्न उपक्षेत्रगत रुपमा विद्यमान संरचना तथा संजालहरुको क्षमता विकास गरि परिचालन गरिने छ भने कार्यक्रमको प्रत्येक चरणहरुमा निश्चित मापदण्ड बनाई नियमित अनुगमन, सुपरिवेक्षण तथा समिक्षामा जोड दिईने छ । साथै खानेपानि तथा सरसफाई क्षेत्रलाई पालिकाको मूल योजनामा समाहित गरि क्षेत्रगत बजेट बिनियोजन, सम्पुरक कोषको व्यवस्था र विकास साझेदारसंगको साझेदारितालाई जोड दिईने छ ।

### ङ. मूल्यांकन

यस पालिकामा संचालन गरिने खानेपानी तथा सरसफाइ क्षेत्रको कार्यक्रम संचालनका क्रममा कार्यक्रमको शुरुवाती, मध्य र अन्त्यमा आधारभुत सर्वेक्षण तथा मूल्याङ्कन गराईने छ । मूल्याङ्कन प्रतिवेदनका आधारमा आएका सुझावहरुलाई बिभिन्न तहमा छलफल गरि आगामी योजना तथा रणनीति तय गरिने छ ।

## ९. कार्यक्रम बजेट विवरण

यस गाँउपालिकाकामा खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको कार्यक्रम संचालन गर्न पालिकाले आवश्यक बजेट बिनियोजन गर्ने छ भने अन्य विकास साझेदार संस्था तथा निकायहरुबाट नतिजाको आधारमा बजेट उपलब्ध गराईने छ । यस आव २०७५/०७६ का लागि निम्न अनुसारको बजेट बिनियोजन गरिने छ ।

- बार्षिक कुल बजेट : रु.१६,३८५,०००.००
- पालिकाकाबाट बिनियोजित: रु.५,८७०,०००।००
- यूनीसेफ : रु. ९,०१५,०००।००
- अन्य निकाय : रु. १५०,०००।००

खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको प्रस्तावित क्रियाकलापहरु

| सि.नं. | सूचक तथा क्रियाकलाप | बार्षिक लक्ष | | | | लागत व्यहोर्ने [illegible] रु.000 | |
|---|---|---|---|---|---|---|---|
| | | ईकाइ | परिमाण | प्रति ईकाइ लागत (रु. 000) | कूल लागत ( रु. 000) | पालिका | यूनीसेफ |
| क. | **सुरक्षित, दिगो तथा गुणस्तरीय खानेपानी सेवा** | | | | | | |
| क.१ | **खानेपानी आयोजनाको सूचारुपना तथा पानीको गुणस्तर सुधार** | | | | | | |
| १ | निर्माण भएका खानेपानी आयोजनाहरुको पालिका तथा वडा स्तरीय प्रोफाईल (इनभेन्ट्री) तयारी | पटक | १ | ४० | ४० | | ४० |
| २ | खा.पा.आयोजनाहरुको पानी सुरक्षा योजना तयार तथा कार्यान्वयन | संख्या | ३० | ४० | १२०० | | १२०० |
| ३ | खानेपानी आयोजनाहरुको सुचारुपना सुधार (मर्मत संभार) | संख्या | ३० | १०० | ३००० | १५०० | १५०० |
| ४ | खानेपानीको गुणस्तर परिक्षण गरिने आयोजनाहरु | संख्या | १०० | ३ | ३०० | | ३०० |
| ५ | पालिका स्तरमा खानेपानीको नियमित रुपमा गुणस्तरको निगरानी तथा अनुगमन संयन्त्रको स्थापन तथा संचालन | संख्या | १ | ५० | ५० | | ५० |
| क.२ | **नयाँ खानेपानी आयोजनाको सर्वेक्षण तथा निर्माण** | | | | | | |
| १ | **नयाँ खानेपानी आयोजनाको निर्माण (साझेदारीमा)** | वटा | २ | १५०० | ३००० | १५०० | १५०० |
| | **जम्मा (क)** | | | | ७५९० | ३००० | ४५९० |
| ख. | **सुरक्षित सरसफाइ तथा स्वच्छता (पुर्ण सरसफाइ) प्रवर्द्धन** | | | | | | |
| ख.१ | **समुदाय/घरायसी तहको सरसफाइ प्रवर्द्धन** | | | | | | |
| १ | सरसफाई तथा स्वच्छता अवस्थाको सर्वेक्षण | पटक | १ | ५० | ५० | | ५० |
| २ | पालिका तथा वडा स्तरीय कार्य योजना तर्जुमा | वडा | ११ | २५ | २७५ | | २७५ |
| ३ | पूर्ण सरसफाइ सम्बन्धी सहजकर्ताहरुलाई तालिम | पटक | ११ | १०० | ११०० | | ११०० |
| ४ | पूर्ण सरसफाइ अभियान संचालन हुने वडा/वस्तीहरु/घरधुरी | वडा | ४ | २०० | ८०० | | -६०० |
| ५ | पूर्ण सरसफाइ उन्मुख घोषणा गरिने वडा/वस्ती/घरधुरीहरु | वडा | २ | ५० | १०० | ५० | ५० |



CamScanner

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | **सरसफाई तथा स्वच्छता** सम्बन्धी बालबालिकाका **आमा तथा केयर टेकर**हरुलाई **सचेतना** (ज्ञान, शिप र बानी व्यवहार) | संख्या | १००० | | ० | | ० | | | | | |
| | **पूर्ण सरसफाइ जम्मा** | | | | २३२५ | ५० | ८७५ | १४०० | | | | |
| **ख.२** | **संस्थागत (विद्यालय तथा स्वास्थ्य संस्था) तहको खानेपानी तथा सरसफाइ प्रवर्द्धन** | | | | | | | | | | | |
| १ | पालिका स्तरीय विद्यालय वास (खानेपानी, सरसफाइ तथा स्वच्छता) सुधार योजना तर्जुमा | पटक | १ | २५ | २५ | | २५ | | | | | |
| २ | विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता (तीन तारे अवधारण) सम्बन्धी व्यवहारिक तालिम | विद्यालय संख्या | ६५ | | २५० | | २५० | | | | | |
| ५ | विद्यालयको खानेपानी तथा सरसफाइ अवस्थामा सुधार | | | | | | | | | | | |
| | तीन तारे विद्यालय | संख्या | ५ | ३०० | १५०० | ७५० | ७५० | | | | | |
| | दुई तारे विद्यालय | संख्या | १० | २०० | २००० | १००० | १००० | | | | | |
| | एक तारे विद्यालय | संख्या | १० | १०० | १००० | ५०० | ५०० | | | | | |
| | **विद्यालय जम्मा** | | | | ४७७५ | २२५० | २५२५ | | | | | |
| **ख.३** | **स्वास्थ्य संस्थाको वास** | | | | | | | | | | | |
| १ | सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता (वास फिट अवधारण) सम्बन्धी तालिम ( स्वास्थ्य संस्था/जनशक्ति) | पटक | १ | ३० | ३० | | ३० | | | | | |
| २ | स्वास्थ्य संस्थामा न्यूनतम मापदण्ड बमोजिम सुरक्षित खानेपानी अवस्थाको सुधार | संख्या | २ | १५० | ३०० | १५० | १५० | | | | | |
| ३ | स्वास्थ्य संस्थामा न्यूनतम मापदण्ड बमोजिम सरसफाइ तथा स्वच्छता अवस्थाको सुधार | संख्या | २ | २०० | ४०० | २०० | २०० | | | | | |
| | **स्वास्थ्य जम्मा** | | | | ७३० | ३५० | ३८० | ० | | | | |
| | **कुल जम्मा (ख)** | | | | ७८३० | २६५० | ३७८० | १४०० | | | | |
| **ग.** | **स्थानीय सरसकारको खानेपानी तथा सरसफाइ सम्बन्धी नीतिगत तथा संस्थागत क्षमता विकास** | | | | | | | | | | | |
| १ | खानेपानी तथा सरसफाइ सम्बन्धी स्थानीय तहको ऐन, नीति र नियम तर्जुमा | पटक | १ | १०० | १०० | १०० | ० | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | पालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति सवलीकरण: (पुन) गठन तथा नियमित बैठक | वटा | १ | | ० | ० | ० | | | | | |
| ३ | पालिका स्तरीय समन्वय समितिका पदाधिकारी तथा कर्मचारीहरुलाई पुर्ण सरसफाइ, खानेपानी सुरक्षा योजना तथा सूचारुपना सम्बन्धी तालिम/अभिमुखिकरण | पटक | १ | ५० | ५० | ० | ५० | | | | | |
| ४ | वडा स्तरीय समन्वय समिति सवलीकरण: (पुन) गठन तथा नियमित बैठक | वडा | ९ | ० | ० | ० | ० | | | | | |
| ५ | वडा स्तरीय समन्वय समितिका पदाधिकारी तथा कर्मचारीहरुलाई पुर्ण सरसफाइ, खानेपानी सुरक्षा योजना तथा सूचारुपना सम्बन्धी तालिम/अभिमुखिकरण | वडा | ९ | २५ | २२५ | ० | २२५ | | | | | |
| ६ | पालिकाको खानेपानी तथा सरसफाइ/पुर्ण सरसफाइ रणनितिक योजना तर्जुमा | पटक | १ | १५० | १५० | ० | ५० | १०० | | | | |
| | जम्मा (ग) | | | | ४२५ | ० | ३२५ | १०० | | | | |
| **घ.** | **विपद्मा खानेपानी तथा सरसफाइ** | | | | | | | | | | | |
| १ | क्लस्टर निर्माण तथा सक्रियता | पटक | १ | | ० | ० | ० | | | | | |
| २ | जोखिम क्षेत्रको पहिचान तथा नक्शांकन | वडा | ११ | २० | २२० | ० | २२० | | | | | |
| ३ | विपद्मा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सम्बन्धी योजना तर्जुमा | पटक | १ | २० | २० | २० | ० | | | | | |
| ४ | विपद्मा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सम्बन्धी स्थानीय सहजकर्तालाई तालिम | पटक | १ | १०० | १०० | | १०० | | | | | |
| ५ | खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी राहत कोष र सामाग्री व्यवस्थापन | पटक | १ | २०० | २०० | २०० | ० | | | | | |
| | जम्मा (घ) | | | | ५४० | २२० | ३२० | ० | | | | |
| | कुल जम्मा (क, ख, ग र घ) | | | | १६३८५ | ५८७० | ९०१५ | १५०० | | | | |



CS CamScanner